आज मिति २०८१ साल पुस ७ गतेका दिनको ११:३० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८१/८२ को छैटौं बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | धुवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर थापा | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) |
| | हरि प्रसाद पोखेल | अधिकृत छैठौं (प्रशासन) |
| | पिताम्वर मरासिनी | अधिकृत छैठौं (लेखा) |
| | दामोदर उपाध्या | का.स. |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८१/८/१२ गते बसेको पाँचौ बैठकबाट आ.व. २०८१/८२ को लागि स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान कार्यक्रम अर्न्तगत विद्यालयहरु छनोट गरिएकोमा लागत अनुमान तयार गरी ठेक्का लगाउने प्रक्रिया अगाडि वढेको, चिस्यान केन्द्र सञ्चालन गर्ने निर्णय अनुसार विद्युत जडानको कार्य बाँकी रहेको हुँदा विद्युत जडान र जेनेरेटर लगायतका सामाग्रीहरुको व्यवस्थापनको प्रक्रिया अगाडि वढेको, क्रसर उद्योग दर्ता तथा सञ्चालनसँग सम्बन्धित कागजातहरु प्राप्त नभएको हुँदा पुनः पत्राचार गरी उद्योग दर्ता तथा सञ्चालनसँग सम्बन्धित कागजातहरु माग गर्ने निर्णय अनुसार पत्राचार गरिएको, स्थानीय पूर्वाधार विभाग श्रीमहल, पुल्चोक, ललितपुरले फ्रो.पु.को माग विवरण पठाउने भनी गरेको पत्राचार अनुसार माग विवरण पठाईएको, विभिन्न कार्यविधिहरु पारित गरिएकोमा प्रमाणिकरण भई कार्यान्वयनको प्रक्रियामा अगाडि वढेको, आलुको विउ र ढुवानीमा अनुदान उपलब्ध गराउने निर्णय अनुसार रकम रकमान्तर गरी भुक्तानीको प्रक्रियामा रहेको, प्रदेश सरकारबाट हस्तान्तरित आयोजनाहरु उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने निर्णय गरिएकोमा सम्झौता लगायतको प्रक्रिया अगाडि वढेको, प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फका वडा समितिहरुवाट सिफारिस भई आएका आयोजनाहरु कार्यान्वयनको प्रक्रियामा रहेको, चालु आ.व. २०८१/८२ मा नै मर्मत गर्नुपर्ने खानेपानी तथा सरसफाई डिबिजन कार्यालय विजुवार, प्युठानमा माग विवरण सहित पत्राचार गरिएको, फोहोर व्यवस्थापनको लागि उपयुक्त स्थानको छनोट गर्न कार्यदल गठन गरिएकोमा कार्यदलको प्रतिवेदन आउन बाँकी रहेको, सोलारबत्तीहरु मर्मतको लागि प्राविधिक टोली खटाई लागत अनुमान तयार गर्ने निर्णय अनुसार मच्छी वजार क्षेत्रको सोलार वत्तीहरु प्राविधिकबाट अनुगमन गरिएको, गत आ.व.२०८०/८१ को भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रमहरुको भुक्तानी भईरहेको, विभिन्न वडाका आयोजना तथा कार्यक्रमहरुको संशोधन तथा रकम रकमान्तर गरिएकोमा आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनको प्रक्रिया अगाडि वढेको, न्यायिक समितिको निर्णय कार्यान्वयनको लागि कार्यदल गठन गरिएकोमा कार्यदलको प्रतिवेदन प्राप्त हुन बाँकी रहेको, गत आ.व.को अस्थाई प्रहरी पोष्ट झिमरुक-१, सौतामारेको विद्युत महशुल रकम भुक्तानी गर्ने निर्णय गरिएकोमा सो रकम भुक्तानी गरिएको लगायतका विषयमा समिक्षा गरियो।

**प्रस्ताव नं. २ वडा नं. ७ को वडा कार्यालय भवन निर्माणको लागि अपुग बजेट सुनिश्चितता सम्वन्धमा।**

**निर्णय नं २**

प्रस्ताव नं.२ माथि छलफल गर्दा वडा नं. ७ को वडा कार्यालय भवन निर्माणको लागि आ.व. २०८१/८२ मा रु ६०,००,०००। विनियोजन गरिएकोमा उक्त भवन निर्माणको लागि प्राविधिक लागत अनुमान अनुसार जम्मा रु ८५,५०,०००। हुन आएको र रु २५,५०,०००। अपुग हुन देखिएकोले विभिन्न आयोजना तथा कार्यक्रमहरुवाट वचत हुन जाने रकम वाट अपुग बजेटको सुनिश्चितता गर्ने गरी निर्माण कार्यको लागि ठेक्का प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ३ ढुङ्गा,गिट्टी ,बालुवाको सम्झौता गर्ने म्यादथप सम्वन्धमा ।**

**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको कार्यालयवाट आ.व. २०८१/८२ को लागि ढुङ्गा, गिट्टी तथा बालुवा उत्खननतर्फ मिति २०८१/४/१६ मा आह्वन गरिएको ठेक्का नं.JRM/NCB/GOODS/02/2081/82 झिमरुक खोला लामासेरा क्षेत्र झिमरुक ३,७ र ८ खण्ड २ को ठेक्कामा एक मात्र दरभाउपत्र परेको मिति २०८१/५/१८ मा गरिएको सोही ठेक्काको दोस्रो सूचनामा आर.जि.पि.निर्माण सेवा, झिमरुक-४ नाम गरेको एक मात्र दरभाउपत्रदातावाट रकम रु ११,०१,१८३/९५ मा दरभाउपत्र प्रस्ताव गरेको, मिति २०८१/६/९ को दरभाउपत्र मूल्याङ्कन समितिले दरभाउपत्र आह्वनमा आर.जि.पि.नामक दरभाउपत्रदाताको दरभाउपत्र प्रस्ताव स्वीकृतीका लागि पेस भएको हुँदा कवोल रकममा नै ठेक्का स्वीकृत गर्ने निर्णय गरिएको। सोही अनुसार मिति २०८१/६/९ मा सो फर्मका नाममा यस पालिकाकले पत्रलेखि ७ दिनभित्र आवश्यक रकम बैंक दाखिला गरी सम्झौता गर्न आह्वन गरेकोमा मिति २०८१/६/१५ सम्म फर्म सञ्चालक सम्पर्कमा नआई सम्झौता हुन नसकेकोमा मिति २०८१/९/४ गते यस कार्यालयका नाममा सम्झौताको म्याद थप गरी पाउँ भनी निवेदन पेस गरेको हुँदा यस झिमरुक गाउँपालिकालाई

कृष्ण बहादुर थापा

प्रमुख प्रशासकीय अधिकृत

कुनै पनि प्रकारको आर्थिक हानी नोक्सानी नहुने गरी उक्त आर.जि.पि. निर्माण सेवाले दरभाउपत्रमा प्रस्ताव गरेको रकममा नै सम्झौता गर्नका लागि १५ दिनको म्यादथप गर्ने निर्णण गरियो । साथै मिति २०८१/९/२२ गतेभित्र कवोल रकमको ५० प्रतिशत हुन आउने रहम रु ५५,०५९२। यस कार्यालयको विभाज्य खोष खाता ( ०७५०१०००००१३८२०१) मा दाखिला गरी बाँकीहुन आउने ५० प्रतिशत रकमको 'क' वर्गको बाणिज्य वैंकबाट जारी भएको वैक जमानत सहित कार्यालय समयमा उपस्थित भई सम्झौता गर्न पत्रचार गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ झिमरुक गाउँपालिकाको लोगो बनाउने सम्वन्धमा ।**
**निर्णय नं. ४**
प्रस्ताव नं ४ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको हालसम्म लोगो वनाई कार्यान्वयनमा नआएको हुँदा उत्कृष्ट लोगो डिजाईन तयार गरी पेस गर्नको लागि गाउँपालिकाको कार्यालयबाट रु २० हजारको पुरस्कार राशी राखी सार्वजनिक सूचना प्रकाशन गर्ने र निर्धारित समयसम्म दर्ता हुन आएका लोगोहरुको मूल्याङ्कन गरी कार्यपालिकाको बैठकबाट निर्णय गराई प्रयोगमा ल्याउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ शिक्षक कर्मचारीहरुको मासिक तलव भत्ता निकासा सम्वन्धमा ।**
**निर्णय नं ५**
**प्रस्ताव नं. ५** माथि छलफल गर्दा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौंको च.नं.१८३ मिति २०८१/८/२० गतेको शिक्षकको मासिक तलभव भत्ता सम्वन्धी प्राप्त पत्रानुसार आवश्यक छलफल गर्दा झिमरुक गाउँपालिकाको खातामा संङ्घीय सरकारका अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट मासिक रुपमा स्थायी शिक्षकहरुको तलव भत्ता वापतको रकम सर्शत अनुदानको रुपमा निकासा नहुने, गाउँपालिकाको आन्तिरिक स्रोतबाट सोध भर्ना हुने गरी मासिक रुपमा तलव भत्ता निकासा गर्न आन्तरिक स्रोत प्रयाप्त नभएको कारण मासिक रुपमा तलव भत्ता निकासा गर्न नसकिएको र संङ्घीय सरकारका वजेट निकासा गर्ने निकायहरुले समयमा नै वजेट निकासा नगराएमा मासिक रुपमा तलव भत्ता निकासा गर्न नसकिने भएकोले सम्वन्धित निकायहरुलाई मासिक रुपमा तलव भत्ता शीर्षकमा संङ्घीय सर्शतको वजेट रकम निकासा गर्न अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ झोलुङ्गे पुल माग गर्ने सम्वन्धमा ।**
**निर्णय नं ६**
प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्थानीय पूर्वाधार विभाग श्रीमहल, पुल्चोक, ललितपुरको च.नं. १४४ मिति २०८१/०९/०२ गतेको प्राथमिकताका आधारमा पुनः झोलुङ्गे पुल माग गर्ने सम्वन्धी प्राप्त पत्रानुसार तपसिल वमोजिमका झोलुङ्गे पुलहरुलाई छनोट गरी प्राथमिकताक्रममा राखी स्थानीय पूर्वाधार विभाग श्रीमहल, पुल्चोक, ललितपुरमा माग विवरण पठाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स | प्राथमिकताक्रम | झोलुङ्गे पुलको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १ | विड्डाँडा हल्दारनिचौर झोलुङ्गे पुल निर्माण | झिमरुक-१ |
| २ | २ | ढाकेडिही रिपापाखा झोलुङ्गे पुल निर्माण | झिमरुक-३ र २ |
| ३ | ३ | स्यालपाखा दारिमचौर झोलुङ्गे पुल निर्माण | झिमरुक-३ र २ |
| ४ | ४ | फड्के हरिय झोलुङ्गे पुल निर्माण | झिमरुक-४र ५ |
| ५ | ५ | मच्छी प्लटिङ्ग ईलाका प्रहरी कार्यलय जोड्ने झोलुङ्गे पुल | झिमरुक-५ |
| ६ | ६ | दहखोला फड्के झोलुङ्गे पुल निर्माण | झिमरुक ६ |
| ७ | ७ | ढाडा पिडाल्ने झोलुङ्गे पुल निर्माण | झिमरुक-५ र ७ |
| ८ | ८ | व्याडा भिरानेटा झोलुङ्गे पुल निर्माण | झिमरुक-गा.पा .८ |
| ९ | ९ | ईश्नाखोला झोलुङ्गे पुल निर्माण | झिमरुक-गा.पा .८ |
| १० | १० | सावटा झिमरुक गा.पा. कार्यालय झोलुङ्गे पुल निर्माण | झिमरुक-५ |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ११ | ११ | अगार तल्लो विसरे झोलुङ्गे पुल निर्माण | झिमरुक-४ |
| १२ | १२ | सयमुरे खहरे झोलुङ्गे पुल निर्माण | झिमरुक-४ र ५ |
| १३ | १३ | देउराली छाप्रे झोलुङ्गे पुल निर्माण | झिमरुक-५ र ७ |
| १४ | १४ | कपिलपाटा चियापाटा झोलुङ्गे पुल निर्माण | झिमरुक -१ र ५ |
| १५ | १५ | हल्ते पल्लाडिही सल्लेधारा हुँगाड झोलुङ्गे पुल निर्माण | झिमरुक -३ |
| १६ | १६ | कुटिचौर राताटारी तल्लोफाँट झोलुङ्गे पुल निर्माण | झिमरुक -६ र ७ |
| १७ | १७ | पोखरीडाँडा विड्डाडा झोलुङ्गे पुल निर्माण | झिमरुक -१ |

**पर्यटन पवर्द्धनको लागि आवश्यक रहेका पर्यटन पूर्वाधार तर्फका झोलुङ्गे पुल**

| क्र.स | प्राथमिकताक्रम | झोलुङ्गे पुलको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १ | गडिकोट देखि खड्गकोट पर्यटन झोलुङ्गे पुल निर्माण | झिमरुक-२ र ३ |
| २ | २ | मर्कावाङ्ग देखि धँगे पर्यटन झोलुङ्गे पुल निर्माण | झिमरुक-६ |

**प्रस्ताव नं. ७.कार्यविधिहरुको मस्यौंदा सम्बन्धमा ।**

**निर्णय नं.७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा निम्न अनुसारका कार्यविधिहरु निर्माण गरी कार्यान्वयनमा लैजानु पर्ने भएको हुँदा मस्यौंदा निर्माणको लागि आवश्यक गृहकार्य गरी विधेयक समिति मार्फत आगामी कार्यपालिकाको बैठकमा मस्यौंदा पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निमार्ण गर्नुपर्ने कार्यविधिहरु**

१.आर्थिक सहायता सम्वन्धी कार्यविधि,२०८१

२.सामुदायिक स्वास्थ्य ईकाइ स्थापना,सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१

३.अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको लागि थप सामाजिक सुरक्षा अनुदान कार्यविधि, २०८१

४.सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि,२०८१

**प्रस्ताव नं. ८ जिल्ला सभामा पेस गर्ने आयोजना छनोट सम्वन्धमा ।**

**निर्णय नं ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०८१/८२ को प्युठान जिल्लाको जिल्ला सभा मिति २०८१/९/११ गते हुने भएकोले जिल्ला सभाबाट पारित तथा सिफारिसको लागि तपसिल वमोजिमका आयोजनाहरु छनोट गरी जिल्ला सभामा पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | बाग्दुला मच्छी हरीया मोटरबाटो कालोपत्रे | प्यू.न.पा. र झिमरुक गा.पा. | समपुरक योजना अन्तर्गत संघ तथा प्रदेशमा बहुवर्षिय योजनाको रुपमा माग गर्ने |
| २ | झिमरुक रिङ्गरोट स्तरउन्नती | झिमरुक गा.पा | संघ तथा प्रदेशमा बहुवर्षिय योजनाको रुपमा माग गर्ने |
| ३ | बहुउद्देश्यीय सभाहल निर्माण | झिमरुक गा.पा | प्रदेश सरकारमा माग गर्ने |
| ४ | स्याउलीघारी पक्कीपुल निर्माण | झिमरुक ७ र ८ | संघ तथा प्रदेशमा बहुवर्षिय योजनाको रुपमा माग गर्ने |
| ५ | गर्तङ्गखोला मोटरेवल व्रिज मुलबारी गर्तङ्गखोला बादिकोट रोड (डि.पि.आर तयार भएको) | झिमरुक १ र ५ | संघ तथा प्रदेशमा बहुवर्षिय योजनाको रुपमा माग गर्ने |
| ६ | दहखोला पक्की पुल निर्माण | झिमरुक ६ | प्रदेशमा माग गर्ने |
| ७ | सिरखोला धंगे कल्भड निर्माण | झिमरुक ६ | प्रदेशमा माग गर्ने |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ८ | हाडिगैरा, खरीबोट, ज्यामुरखोला, मच्छीगर्तङ्ग, आहालखोला ,हरियाखोलामा डि.पि.आर. सहितको पक्कीपुल निर्माण | प्यु.न.पा र झिमरुक ६,५ र ३ | संघ तथा प्रदेशमा बहुवर्षिय योजनाको रुपमा माग गर्ने |

**प्रस्ताव नं. ९ राष्ट्रिय परिचय पत्र वितरण सम्वन्धमा।**
**निर्णय नं. ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय, प्युठानबाट झिमरुक गाउँपालिकाका सबै वडाहरुमा वितरण हुने राष्ट्रिय परिचय पत्र प्रत्येक नागरिकहरुको हातहातमा पुऱ्याउने कार्यको लागि जिल्ला प्रशासन कार्यालयले तय गरेको मितिमा आउने टोलीहरुलाई गाउँपालिकाको कार्यालयबाट खाना, खाजा तथा आवासको व्यवस्थापन गरी सहजिकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. १० आर्थिक सहयोग सम्वन्धमा।**
**निर्णय नं. १०**

प्रस्ताव नं १० माथि छलफल गर्दा आर्थिक सहायताको लागि विभिन्न संस्थाहरुले निवेदन पेस गरेको हुँदा उक्त निवेदन माथि छलफल भई तपसिल वमोजिमका संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत रुपमा निर्णय गरियो।

**तपसिल**

| क्र.स | आर्थिक सहयोग माग गर्ने संस्थाहरुको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १ | प्रथम भित्रिकोट कृषि,पर्यटन,व्यपार तथा साँस्कृतिक महोत्सव,२०८१ | स्थानीय कला संस्कृतिको संरक्षण एवं प्रचार प्रशार, धार्मिक तथा पर्यटकिय स्थलहरुको प्रचार प्रसार,स्थानीय उत्पादनको बजारीकरण, स्थानीय कला प्रतिभाको उजागर, उत्पादन र उपभोक्ता विच प्रत्यक्ष भेटघाट गर्ने उद्देश्यको लागि आर्थिक सहयोग | २०,०००। | आर्थिक सहायता |
| २ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय झिमरुक-५, हिरापोखरी | विद्यालय स्थापनाको ५० वर्ष प्रवेशको अवसरमा मिति २०८१ माघ ८ गतेदेखि १२ गतेसम्म विविध कार्यक्रम सहित मनाउने स्वर्ण महोत्सव कार्यक्रमको लागि आर्थिक सहयोग | ५०,०००। | आर्थिक सहायता |
| ३ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय झिमरुक-६, मर्कावाङ्ग | विद्यालय स्थापनाको ५० वर्ष प्रवेशको अवसरमा मिति २०८१ पुष ६ गतेदेखि ७ गतेसम्म विविध कार्यक्रम सहित मनाउने स्वर्ण महोत्सव कार्यक्रमको लागि आर्थिक सहयोग | ५०,०००। | आर्थिक सहायता |
| ४ | प्यूठान उद्योग वाणिज्य संघ झिमरुक बजार क्षेत्र झिमरुक-५, मच्छी | मिति २०८१ कार्तिक २६ गतेदेखि १३ गतेसम्म सञ्चालन भएको स्थानीय कला संस्कृतिको संरक्षण एवं प्रचार प्रशार,स्थानीय कला प्रतिभाको उजागर, उत्पादन र उपभोक्ता विच प्रत्यक्ष भेटघाट प्युठान उ.वा..संघ झिमरुक बजार क्षेत्रको निर्माणधिन भवन सम्पन्न गर्ने उद्देश्यको लागि आर्थिक सहयोग | २०,०००। | आर्थिक सहायता |

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ११ कार्यसम्पादन करार सम्वन्धमा ।**

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा कर्मचारीहरुको आफ्नो कामप्रतिको उत्प्रेरणा, जिम्मेवारी र जवाफदेहिता, झिमरुक गाउँपालिकाबाट हुने सबै कार्यसम्पादन प्रणलीलाई परिणाममुखी बनाउने उद्देश्यकासाथ आ.व. २०८१/८२ लागि गा.पा. अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत विच र प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु विच कार्यसम्पादन करार सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ विविध सम्वन्धमा ।**

**विविध (क) आय व्यय विवरण सार्वजनिक सम्वन्धमा ।**

**निर्णय नं. (क)**

प्रस्ताव नं १२ विविध (क) माथि छलफल गर्दा झिमरुक गा.पा.को आ.व. २०८१/८२ को साउनदेखि पुस मंसिर महिनाको मसान्तसम्मको आय व्यय विवरण तपसिल वमोजिम रहेकोले उक्त आय व्यय विवरण सर्वसाधारण सबैको जानकारीको लागि गा.पा.को वेभसाईट र सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्ने र सम्वन्धित निकायहरुमा जानकारीको लागि लेखि पठाउने सर्वसम्मत निर्णय गरियो ।

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

